## प्लाष्टिक घर निर्माणको लागि प्लाष्टिक वितरण सम्बन्धी सूचना

**मिति:२०७८/०७/१७**

पुतलीबजार नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को आर्थिक सहयोग तथा सूर्योदय क्लव स्याङजाको व्यवस्थापनमा संचालित **"कोभिड-१९ उद्धार सामाजिक, आर्थिक प्रतिकार्य पहल"** अन्तर्गत प्लाष्टिक घर निर्माणको लागि १०० थान ६ मिटर चौडाई र १२ मिटर लम्बाईको प्लाष्टिक वितरण कार्यक्रम भएकोले प्लाष्टिक घर निर्माण गरी प्लाष्टिक आवश्यक भएका वा प्राकृतिक विपत्तीका कारण प्लाष्टिक घरमा प्लाष्टिकको क्षती भएका कृषकहरुले तोकिएको ढाँचामा तपसिल बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**विशेष प्राथमिकता**

- कोभिड-१९ बाट प्रभावित परिवार
- विदेशबाट फर्केका कृषि व्यवसाय गर्न ईच्छुक युवाहरु
- स्थानीय स्तरमै बसी कृषि व्यवसाय गर्न ईच्छुक युवाहरु
- महिला, दलित, जनजाति/आदिवासी, सीमान्तकृत समुदाय
- प्लाष्टिक घरमा तरकारी व्यवसाय गर्न ईच्छुक

**निवेदनमा संलग्नगर्नु पर्ने कागजातहरु**

- हस्त लिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्र
- सम्वन्धित वडा कार्यालयको सिफारिस
- संरचना निर्माण भई प्लाष्टिक छाउन मात्र बाँकि रहेको प्लाष्टिक घरको फोटो
- प्राकृतिक विपत्तीका कारण प्लाष्टिक घरमा प्लाष्टिकको क्षती भएको भए सोको पनि फोटो

**निवेदन दिने स्थान**

नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

थप जानकारीको लागी : ९८०२८३६९८७, ९७४२८५८१६३

**पूजा सापकोटा**

**कार्यक्रम संयोजक**

(नोट : यस भन्दा अगाडि सोही अनुसारको सेवा पाएका कृषकहरुलाई सहभागी गराइने छैन ।)